# महानगरस्तरीय कृषि जैविक विविधता मेला तथा कन्दमूल प्रदर्शनी

आदर्श समाज
पोखरा, २ माघ

ऐतिहासिक ढुंगसाँघु मेलामा महानगरस्तरीय कृषि जैविक विविधता मेला तथा कन्दमूल एवं परिकार प्रदर्शनी सम्पन्न भएको छ । पोखरा महानगरपालिकाअन्तर्गत आर्थिक विकास महाशाखाको आयोजनामा प्रदर्शनी गरिएको हो ।

मेलामा घरमा उत्पादनमा भएको कन्दमूल प्रदर्शनी प्रतियोगिता, वनमा उत्पादन भएको कन्दमूल प्रदर्शनी प्रतियोगिता, माघी परिकार प्रदर्शनी प्रतियोगिता, जैविक विविधतासम्बन्धी कृषि गीत प्रतियोगिता समेत गरिएको महाशाखा प्रमुख मनहर कडरियाले जानकारी दिए । उनकाअनुसार मेलामा स्थानीय जातका लोपोन्मुख उत्पादनका बिउबिजनहरूसहित १० थरी तरुल, गिठा, भ्याकुर, पिँडालुतर्फ १० थरी, र ३ थरीका सखरखण्ड प्रदर्शन गरिएको छ । बागवानी अनुसन्धानका केन्द्रमा तयार गरिएका कन्दमूलहरूसमेत प्रदर्शन गरिएको छ ।



**मेलामा स्थानीय जातका लोपोन्मुख बिउबिजनसहित १० थरी तरुल, गिठा, भ्याकुर, पिँडालु १० थरी र ३ थरी सखरखण्ड प्रदर्शन**

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले स्थानीय उत्पादन वृद्धि र उत्पादनको बजार सुनिश्चितताका लागि आवश्यक व्यवस्थापन गर्ने बताए । किसालाई अनुदान तथा साझेदारी कार्यक्रममार्फत् सहुलियत प्रदान गर्दै प्रांगारिक उत्पादनमा हौसला प्रदान गरिएको उल्लेख गरे । परम्परागत खेती प्रणालीलाई आधुनिकीकरण तर्फ लैजाँदै यान्त्रिकीकरणलाई समेत विशेष जोड दिइएको उनले बताए ।

मेलाका अवसरमा गरिएको जैविक विविधता विषयक कृषि गीत प्रतियोगितामा कृषि सञ्जाल ३३ प्रथम भएको छ । यस्तै सफल महिला कृषक समूह, पोखरा २९ दोस्रो, कृषि सञ्जाल २५ तेस्रो र कृषि सञ्जाल ३० सान्त्वना भए । माघी परिकार केन्द्रित प्रतिस्पर्धामा टंकनाथ बस्ताकोटी पोखरा २४ प्रथम, रुपा बराल, पोखरा १३ दोस्रो, संगीत सुनार, पोखरा १६ तेस्रो र सोबित अधिकारी, पोखरा २८ सान्त्वना भए ।

कन्दमूल प्रदर्शनी तथा प्रतियोगितामा सहभागी १५ समूहले २३ थरी परिकार प्रदर्शनी गरेका छन् । घरमा उत्पादित कन्दमूलतर्फ देवीलाल बराल पोखरा २२ प्रथम, सीता अधिकारी पोखरा ३३ दोस्रो, सीता कुँवर पोखरा २५ तेस्रो र रामजी पौडेल पोखरा २२ सान्त्वना भए । वनमा उत्पादित कन्दमूलतर्फ प्रदीप ढकाल पोखरा २२ प्रथम, चमेरेगुफा कृषक समूह पोखरा १६ दोस्रो, टेकनाथ बराल पोखरा १३ तेस्रो र देवीलाल बराल, पोखरा २२ सान्त्वना भए ।

विजेताहरूलाई पोखरा १७ की वडाध्यक्ष राधिकाकुमारी शाही योगीले नगद पुरस्कारसहित प्रमाणपत्र प्रदान गरिन् । दोस्रो राष्ट्रिय जैविक विविधता संरक्षण दिवसका अवसरमा सो कार्यक्रम गरिएको हो ।

# दुर्गन्धित बन्दै कालीगण्डकी घाट

**पर्वत, २ माघ (आदर्श समाज)-** पवित्र कालीगण्डकी नदी किनारका घाट दुर्गन्धित बन्दै गएका छन् । शव दाहस्थल र गंगास्थलका रुपमा रहेका यहाँका घाटमा फोहोर व्यवस्थापन नहुँदा दुर्गन्धित बन्दै गएका हुन् । पर्वतको सदरमुकाम कुश्माबजार नजिकैका कालीगण्डकी र मोदीखोलाको संगमस्थल प्रसिद्ध मोदीबेनी घाट, फलेवास नगरपालिका-६ मा रहेको जैमिनी घाट, गुल्मी र पर्वतको संगममा रहेको पूर्तिघाट तथा विश्वकै ठूलो शालग्राम शिला रहेको सेतीवेणीलगायत घाटमा फोहोर थुप्रिन थालेको छ । मोदीवेणी नृसिंहधाम व्यवस्थापन समितिका अध्यक्ष केशवदास बैरागीले प्लाष्टिकसम्बन्धी फोहोर बढी रहेकाले समस्या भएको बताए । सेतीवेणीमा नयाँ व्यवस्थापन समिति गठन हुन ढिलाइ भएकाले समस्या देखिएको मोदीवेणी वृद्धाश्रममा ३० वर्षदेखि बस्दै आएकी सावित्री शर्माले आफूहरुले पटक-पटक शवको उचित व्यवस्थापन गर्न आग्रह गर्दा पनि अटेर भइरहेको बताइन् ।

# युवालाई धिमे नाच र धिमेबाजा बजाउने तालिम

आदर्श समाज
पोखरा, २ माघ



पोखरामा १५ दिनसम्म चलेको धिमेबाजा र धिमे नाच तालिम सम्पन्न भएको छ । नेवा मिसा पुच कास्कीको आयोजना र पोखरा ३ को सहयोगमा भएको तालिममा ४० जना नेवा युवायुवतीको सहभागिता थियो । प्रशिक्षार्थीलाई विकेश महर्जन र लीजा महर्जनले प्रशिक्षण गराएका थिए ।

तालिम समापन कार्यक्रममा पोखरा ३ का अध्यक्ष प्रकाशमान उदासले संस्कार र संस्कृतिलाई जोगाइराख्न सकेमात्र पहिचान कायम रहने बताए । उनले पोखरामा भएका नेवा खलः, नेवा ल्याम्ह पुचः, नेवा पत्रकार तथा मिसा पुचहरूको सहयोगमा नेवारी समुदायको संस्कृति झल्कने संग्रहालय निर्माण भएकोप्रति खुसी व्यक्त गर्दै जनप्रतिधि भएर संस्कृति जोगाउने विषयमा काम गर्न पाउँदा खुसी लागेको बताए ।

नेवा खलः कास्कीका अध्यक्ष अशोक पालिखे पोखरामा नेवा संस्कार र संस्कृति प्रवर्द्धन र संरक्षणको लागि युवाहरूलाई पोखरामै पहिलो पटक धिमे नाचको तालिम दिइएको बताए । उनले नेवा मिसा पुचः कास्कीले लोपोन्मुख अवस्थामा पुगेको पञ्चबुद्ध नाच, कुमारी नाच, चर्या नृत्य तथा धिमे नाचलाई पोखरामा पुनर्जागृत गरेको बताउँदै यस्ता नाचहरूलाई व्यावसायीकरण गर्नुपर्ने बताए ।

तालिम समापन कार्यक्रममा नेवा मिसा पुचः कास्कीका अध्यक्ष संगीता बज्राचार्यले तालिममा सहभागी प्रशिक्षक तथा प्रशिक्षार्थीहरूलाई धन्यवाद दिँदै निरन्तर अभ्यासमा लागिरहन आग्रह गरिन् । उनले तालिममा धेरै कुरा सिके पनि पर्याप्त नहुने बताउँदै आफ्ना टोलमा हुने विभिन्न सांस्कृतिक कार्यक्रममा पनि यस्ता बाजागाजा र नृत्य प्रस्तुत गर्नुपर्नेमा जोड दिइन् ।

# शान्ति उदय माविको वार्षिकोत्सव

आदर्श समाज
पोखरा, २ माघ



पोखरा ३३ भरतपोखरी वरपाण्डे थुमस्थित शान्ति उदय माविको ६४ औं वार्षिकोत्सव तथा ६५ औं अभिभावक दिवस मंगलबार सम्पन्न भएको छ । कास्की क्षेत्र नं २ बाट निर्वाचित प्रतिनिधि सभा सदस्य विद्या भट्टराईले कार्यक्रम उद्घाटन गर्दै सामुदायिक विद्यालयले गुणस्तर बढाउने कार्यक्रममा जोड दिनुपर्ने बताइन् । भट्टराईले शिक्षा दक्ष जनशक्ति उत्पादनमा केन्द्रित हुनुपर्ने भन्दै स्थानीय तह यसमा विशेष चनाखो हुनुपर्ने बताइन् ।

गण्डकी प्रदेश सभा सदस्य भीमबहादुर कार्कीले अन्तर्राष्ट्रिय जगतमा प्रतिस्पर्धी जनशक्ति उत्पादन अहिलेको चुनौती भएकाले आवश्यक नीति निर्माणमा आफूहरू हरहमेशा लागिरहने उल्लेख गरे ।

कार्यक्रममा पोखरा महानगरपालिका शिक्षा महाशाखा प्रमुख हेमप्रसाद आचार्य, नेपाल पर्यटन बोर्डका सदस्य मदनकुमार आचार्य, शिक्षक अभिभावक संघका अध्यक्ष शिवराज आचार्य, प्रधानाध्यापक टेकनारायण गिरी, पूर्व प्रधानाध्यापक कमलप्रसाद आचार्य, साबिक भरत पोखरी गाविसका पूर्व अध्यक्ष यज्ञप्रसाद आचार्य, पूर्व उपाध्यक्ष मनोहर आचार्य, पूर्व विद्यार्थी मञ्चका अध्यक्ष वसन्तराज लम्साललगायतले बोलेका थिए ।

यसैबीच मेगा बैंकको वित्तीय सहयोगमा विद्यालय हातामा नवनिर्मित सरस्वती मन्दिर उद्घाटन गरिएको छ । कार्यक्रममा शैक्षिकसहित विभिन्न अतिरिक्त क्रियाकलापका उत्कृष्ट विद्यार्थीलाई पुरस्कार तथा विभिन्न छात्रवृत्ति वितरण गरिएको थियो ।

विद्यालय व्यवस्थापन समिति अध्यक्ष ऋषिराज आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा सहायक प्रधानाध्यापक राजेन्द्रप्रसाद बस्ताकोटीले स्वागत र शिक्षक देवराज पौडेलले सञ्चालन गरेको शिक्षक वेदनाथ आचार्यले जानकारी दिए ।

# ब्रह्मरुपा माविको ४४ औं वार्षिकोत्सव

आदर्श समाज
लेखनाथ, २ माघ



पोखरा ३२, राजाको चौतारास्थित ब्रह्मरुपा माविको ४४ औं वार्षिकोत्सव तथा ६३ औं अभिभावक दिवस एवं पुरस्कार वितरण समारोह मंगलबार विभिन्न सांस्कृतिक कार्यक्रमका साथ सम्पन्न भएको छ ।

कार्यक्रम उद्घाटन गर्दै गण्डकी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री जितप्रकाश आलेले बालबालिकाको इच्छा र आकांक्षाअनुसारको शिक्षा दिई प्रविधिसँग जुध्ने ज्ञान नै गुणस्तरीय शिक्षा भएकाले यसमा सबै पक्ष लाग्नुपर्ने बताए । उनले विद्यालयको भौतिक विकासको लागि सभाहलको खाँचो रहेकाले विद्यालयलाई प्रदेश सरकारले सक्दो सहयोग गर्ने वचनबद्धता व्यक्त गरे । कार्यक्रमका प्रदेश सांसद सरस्वती गुरुङले विद्यालयको शिक्षालाई व्यवस्थित र गुणस्तरीय शिक्षा बनाउने प्रयासमा आफूहरू निरन्तर लागि परेको र आगामी दिनमा पनि सबैको साथ र सहयोग रहने विश्वास व्यक्त गरिन् ।

कार्यक्रममा पूर्व विद्यार्थी तथा समाजसेवी खेमराज अधिकारी, लक्ष्मी माविका प्रअ जगन्नाथ अधिकारी, विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष टीकाराम पंगेनी, शिक्षाप्रेमी हरिप्रसाद तिवारी, छात्राहरू निकिता रानामगर, दिप्ती खनाललगायतले बोलेका थिए ।

विद्यालयका प्रधानाध्यापक जनार्दन सुवेदीले विद्यालयको प्रगति विवरण र भावी योजना प्रस्तुत गर्दै प्राविधिक शिक्षालाई अझ गुणस्तरीय बनाउने प्रतिबद्धता जनाए ।

विद्यार्थीहरूले पिटी प्रदर्शन गरेका थिए भने शैक्षिक सत्रका उत्कृष्ट विद्यार्थीलाई पुरस्कार वितरण गरिएको थियो । कार्यक्रमबीच शिक्षकहरू कविराज खनाल, पुकार पौडेल, संगीता कँडेल, इन्दिरा अधिकारी, पुकार श्रेष्ठ, गिरिजापति क्षेत्री, गंगा खनाल र लेखापाल निशा रेग्मी र उत्कृष्ट अभिभावकहरू सूर्यराज तिवारी र जनकराज जोशी सम्मानित भए ।

विद्यालयमा विष्णु तुलसी स्मृति छात्रवृत्ति बमहिरा स्मृति पुरस्कार, विचित्रमोहन स्मृति पुरस्कार, चिरञ्जीवी घिमिरे शिक्षा सम्मान पुरस्कार, हरिप्रसाद पंगेनी शैक्षिक पुरस्कार, जितवृन्दा छात्रवृत्ति पुरस्कार, गोपीराज/राधादेवी वाग्ले शैक्षिक पुरस्कार, प्रतिमा स्मृति पुरस्कार, माधव इन्दिरा छात्रवृत्ति पुरस्कार, पूर्ण-रामकृष्ण-इन्द्र स्मृति शैक्षिक पुरस्कार, गंगाप्रसाद राजभण्डारी स्मृति शैक्षिक पुरस्कार, सरिता पौडेल स्मृति पुरस्कार, नक्षत्रबहादुर-उखुमाया बस्नेत स्मृति शैक्षिक पुरस्कार, स्व.लोकनाथ न्यौपाने स्मृति पुरस्कार, स्व.लोकराज अधिकारी मैना सुवेदी स्मृति पुरस्कार, वाटिका अवार्ड, कविराज खनाल कम्प्युटर पुरस्कार वितरण गरिएको छ ।

२०१५ सालमा स्थापना भएको विद्यालयमा ८ सयभन्दा बढी विद्यार्थी र ४९ जना शिक्षक कर्मचारी छन् । विद्यालयमा प्राविधिक धारतर्फ कम्प्युटर इन्जिनियरिङअन्तर्गत कक्षा ९ देखि १२ सम्म र विज्ञान विषयको अध्यापन गराइएको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दुर्गालाल पण्डितले स्वागत, शिक्षक अभिभावक संघका अध्यक्ष भोजराज पौडेलले धन्यवाद ज्ञापन गरेको कार्यक्रमको सञ्चालन शिक्षक विश्वमोहन पौडेलले गरेका थिए ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं २४ स्थित बास्कोट डाँडाखेत मोटर बाटो निर्माणमा तपसिल बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरूमा जानकारीका लागि यो सार्वजनिक सूचना जारी गरिएको छ।**

**योजनाको नाम:** बास्कोट डाँडाखेत मोटर बाटो
**उपभोक्ता समितिको नाम:** बास्कोट डाँडाखेत मोटर बाटो निर्माण समिति
**योजनाको कुल लागत:** रु. ५,५५,६९५।०७
**सम्झौता मिति:** २०८०/०९/१२
**योजना सुरु मिति:** २०८०/०९/१३
**योजना सम्पन्न भएको मिति:** २०८०/१०/२९
**२४ नं. वडा कार्यालयबाट :** रु. ५,००,०००।-
**उपभोक्ता समितिबाट:** रु. ५५,६९५।०७
**जम्मा खर्च:** रु. ५,५५,६९५।०७
**उपभोक्ता समितिका पदाधिकारी**
**अध्यक्ष:** हरिप्रसाद अधिकारी
**उपाध्यक्ष:** खिमनाथ तिमिल्सिना
**सचिव:** नवराज अधिकारी
**कोषाध्यक्ष:** लक्ष्मीदेवी अधिकारी
**सदस्यहरू:** बलराम त्रिपाठी, भोलानाथ अधिकारी, तिलादेवी अधिकारी

**अनुगमन समिति**
**संयोजक**
अञ्जनीधर त्रिपाठी
**सदस्य:**
शेषराज तिमिल्सिना
शान्तिदेवी तिमिल्सिना

## संरचना हटाउने ३५ दिने सूचना

यस पोखरा महानगरपालिका वडा नं.२ कास्कीमा रहेको वर्कि चौतारादेखि लाभिन रेसिडेन्सियल स्कुलसम्म पर्ने नक्सा सिट नं.०९३-०८३९-२४ कि.नं.१२१ क्षेत्रफल ४११।०० व.मि.को जग्गा जिल्ला नापी कार्यालय, कास्कीबाट उतार गरिएको फिल्ड बुकमा सार्वजनिक बाटो कायम भएको देखिएको हुँदा उक्त स्थानका जग्गाधनीहरु, यस वडाका जनप्रतिनिधि तथा कर्मचारीहरु समेत भई मिति २०८०।०९।२६ गते बिहीबारका दिन नापी नक्सा बमोजिम फिल्ड रेखाङ्कन गरिएको हुँदा उक्त रेखाङ्कन गरिएको क्षेत्र भित्र पर्ने स्थायी अस्थायी संरचनाहरु यो सुचना प्रकाशन मितिले ३५ दिनभित्र हटाउनु हुनका लागि सम्बन्धित सबैमा यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ । अन्यथा नियमानुसार यस वडा कार्यालयले उक्त संरचनाहरु हटाइ हटाउँदा लाग्ने खर्च सम्बन्धित व्यक्तिहरुबाट असुल उपर गर्ने व्यहोरा जानकारी गराइन्छ ।

**वडा अध्यक्ष**
**पोखरा महानगरपालिका**
**२ नं. वडा कार्यालय, कास्की**

## सँधियारलाई सूचना

पोखरा महानगरपालिका वडा नं. २९, संगमचोकको जग्गाधनी श्री प्रकाश गुरुङको नाउँमा रहेको कि.नं. १५८०, क्षेत्रफल ०-९-१-३ मा निर्माण गर्न लागेको घरको उत्तरतर्फको कि.नं. २२१९ र दक्षिणतर्फको कि.नं. ३०४४ का सँधियारा सम्पर्कमा नआएको हुँदा उक्त जग्गामा कोही कसैको हकदाबी विरोध भएमा सो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र पोखरा महानगरपालिका वडा नं. २९ को कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**पोखरा महानगरपालिका वडा नं. २९**

## पेन्सन पट्टा हरायो

महेन्द्रपुलबाट पृथ्वीचोक आउने क्रममा मेरो आसबहादुर गुरुङ नामको आर्मी नं. ५४३५३०७ को पेन्सन पट्टा हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न नम्बरमा सम्पर्क गरिदिनुहोला ।

**सम्पर्क :**
**९८०४१३८८१९**

## पेन्सन पट्टा हरायो

ड्यामसाइडबाट पृथ्वीचोक आउने क्रममा मेरो राजु सुनार नामको सशस्त्र प्रहरीको अधिकार पत्रको क्रम संख्या १०१३०६१ को वरिष्ठ हवल्दार अधिकार पत्र हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न नम्बरमा सम्पर्क गरिदिनुहोला ।
क्र.सं.नं.: **A-11455**
अवकाशप्राप्त मिति : २०७३/१०/१०

**सम्पर्क : ९८५६०८९६११**

## मादी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**थुमाकोडाँडा, कास्की, नेपाल**

## सूचना

दोस्रो पटक प्रकाशित मिति:२०८०/१०/०३

गण्डकी प्रदेश मादी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यलय थुमाकोडाँडा कास्कीको तपशिल बमोजिमका विभिन्न स्थानहरु बाट नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, वालुवा, दहत्तर बहत्तर) आदिको बिक्री शुल्क संकलन प्रयोजनार्थ आय ठेक्का सम्बन्धी बोलपत्र आह्वान गरिएकोले इच्छुक फर्महरुले सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र निवेदन साथ फर्म दर्ताको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, आ.व २०७०/०८० को कर चुक्ता प्रमाणहरुको प्रमाणित प्रतिलिपी संलग्न गरी बोलपत्र खरिद गर्न सकिने व्यहोरा यसै सूचना बमोजिम सम्बनित सवैमा जानकारी गराइन्छ ।

**तपसिल**

| बोलपत्र नं. | घाटको विवरण | अधिकतम् उत्खनन परिमाण (घ.मि.) | न्यूनतम दरप्रती घन मिटर | न्यूनतम रकम कर बाहेक रु. | धरौटी रकम रु | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|---|
| MRM/NCB/GHAT/ 1/080-81 | ज्याम्दु लामा खेत (खण्ड -१ र २ | ३८०३ | ५०० | १९०१५०० | कवोल रकमको ५ % | ३००० |
| MRM/NCB/GHAT/ 02/080-81 | ढकाले ढोड रञ्जित खोला छहरे भिर | ११७७४ | ५०० | ५८८७००० | कवोल रकमको ५ % | ३००० |
| MRM/NCB/GHAT/ 03/080-81 | विरुवा इन्दी घाट १ र २ | ११५९४ | ५०० | ५७९७००० | कवोल रकमको ५ % | ३००० |
| MRM/NCB/GHAT/ 04/080-81 | पलमरीङ्ग घाट इन्दी खोला | ३२८३ | ५०० | १६४१५०० | कवोल रकमको ५ % | ३००० |
| MRM/NCB/GHAT/ 05/080-81 | स्याङ्गे खेत क्षेत्र | ३२४२ | ५०० | १६२१००० | कवोल रकमको ५ % | ३००० |
| MRM/NCB/GHAT/ 06/080-81 | भगवती टार घाट | १४११० | ५०० | ७०५५००० | कवोल रकमको ५ % | ३००० |
| MRM/NCB/ /GHAT/ 07/080-81 | मकै खोला | ५१२३ | ५०० | २५६१५०० | कवोल रकमको ५ % | ३००० |
| MRM/NCB/GHAT/ 08/080-81 | भयरको थान माथि मौरीवेसि | १३९८ | ५०० | ६९९००० | कवोल रकमको ५ % | ३००० |
| MRM/NCB/GHAT/ 09/080-81 | उपल्लो फाँट चमेरे ओडार | २०४७ | ५०० | १०२३५०० | कवोल रकमको ५ % | ३००० |

बोलपत्र खरिद, दाखिला र खोल्ने मिति, समय र स्थान

| बोलपत्र नं | बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | | बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय | | बोलपत्र खोल्ने मिति र समय | |
|---|---|---|---|---|---|---|
| | मिति | समय | मिति | समय | मिति | समय |
| MRM/NCB/GHAT/ 1...09/080/81 | २०८०/१०/१८ | १२:०० बजे | २०८०/१०/१८ | १२:०० बजे | २०८०/१०/१८ | १:०० बजे |
| बोलपत्र फारम खरिद बापतको रकम जम्मा गर्ने बैंकको नाम | | माछापुच्छ्रे बैंक मादी-३, याङ्जाकोट खाता नं ०७९००५१४७२९०००८३ | | | मादी गाउँ कार्यपालिकाको कार्यालय, थुमाकोडाँडा, कास्की | |
| धरौटी रकम जम्मा गर्ने बैंकको नाम | | माछापुच्छ्रे बैंक मादी-३, याङ्जाकोट खाता नं :०७९००५१४७२९०००११ | | | मादी गाउँ कार्यपालिकाको कार्यालय, थुमाकोडाँडा, कास्की | |

**शर्त तथा बन्देजहरु**
१.पेश भएका वोलपत्रहरु वोलपत्रदाता वा निजको प्रतनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्दा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा बोलपत्र खोल्न बाध्य पर्ने छैन ।
२.धरौटि रकम :- बोलपत्रदाताले कवोल गरेको रकमको ५ प्रतिशतले हुन आउने धरौटी वापतको रकम बैंक दाखिला गरी सक्कलै भौचर वा कम्तीमा १२० दिन म्याद भएको मादी गाउँपालिकाको नाममा जारी भएको बैंक जमानत (विड वण्ड) संग्लन गरी बोलपत्र फारम पेश गर्नुपर्नेछ । बोलपत्रको प्रत्येक पानामा बोलपत्रदाताको सहिछाप नभएमा बोलपत्र मान्य हुने छैन ।
३.अन्य शर्त तथा बन्देजहरु बोलपत्र फारममा उल्लेख भएको हकमा बोलपत्र फारममा र अन्यको हकमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार हुनेछ ।
यस सम्वन्धी अन्य जानकारीहरु https://www.bolpatra.gov.np/egp बाट प्राप्त गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**